राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

राष्ट्रिय दैनिक

आनन्दलोक हास्पिटल
एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विषेशज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क – ००९१–६३९०५८७९९७

राष्ट्रिय संस्करण | वर्ष १४ | अंक १३६ | आइतबार | १७ फागुन २०८२ | Sunday 1 March 2026 | पृष्ठ: ४ | मूल्य: ६ रूपैयाँ | www.butwaltoday.com

## नवलपरासी–१:

# किसानका मुद्दामा प्रतिस्पर्धा









**विकास अधिकारी**
परासी, १६ फागुन।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन अन्तर्गत लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)-१ लाई सपटक अत्यधिक चासोको रूपमा हेरिएको छ। विशेषगरी विनोद चौधरी पुनः उम्मेदवार बनेसँगै यस क्षेत्रको चुनावी प्रतिस्पर्धा थप रोचक बनेको हो।

यो निर्वाचन क्षेत्रमा बर्दघाट नगरपालिकाका सबै वडा, सुस्ता गाउँपालिका र प्रतापपुर गाउँपालिकाका सम्पूर्ण वडा तथा सरावल गाउँपालिकाका वडा नम्बर ४, ५, ६ र ७ समेटिएका छन्। निर्वाचन आयोगका अनुसार यहाँ कुल एक लाख २३ हजार ८० मतदाता रहेका छन् भने मतदानका लागि १४८ मतदान केन्द्र तोकिएका छन्।

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा यस क्षेत्रबाट नेपाली कांग्रेसका विनोद चौधरी २९ हजार ५१९ मतसहित विजयी भएका थिए। उनका निकटतम प्रतिस्पर्धी जनता प्रगतिशील पार्टीका हृदयेश त्रिपाठीले २२ हजार ३२८ मत प्राप्त गरेका थिए। त्यसैगरी महेन्द्र सेन (रास्वपा) ले १२ हजार ४९९, जनमतका गुलाव प्रसाद चौधरीले पाँच हजार ९५२ र राप्रपाका भोजराज ढकालले चार हजार ८२५ मत प्राप्त गरेका थिए।

समानुपातिकतर्फ पनि नेपाली काँग्रेस अग्रस्थानमा रहँदै २३ हजार ५१५ मत पाएको थियो भने एमालेले १७ हजार १७२ मत प्राप्त गरेको थियो। रास्वपा, जनमत र राप्रपाले क्रमशः १० हजार ७१८, ७ हजार ४१४ र ६ हजार ४७७ मत पाएका थिए।

यसपटक यस क्षेत्रबाट २६ जना उम्मेदवार चुनावी मैदानमा छन्। नेपाली कांग्रेसबाट पुनः विनोद चौधरी उम्मेदवार बनेका छन् भने एमालेले रामप्रसाद पाण्डेयलाई अघि सारेको छ। रास्वपाबाट काँग्रेसका पूर्व नेता विक्रम खनाल उम्मेदवार बनेका छन्। त्यस्तै नेकपाबाट सिन्धु जलेसा बुढाथोकी, राप्रपाबाट नवनित कुमार मिश्र, जसपा नेपालबाट हृदयेश त्रिपाठी तथा जनमतबाट गणेश बहादुर चौधरी उम्मेदवार रहेका छन्।

गत निर्वाचनमा एमालेको समर्थनमा प्रतिस्पर्धा गरेका हृदयेश त्रिपाठी यसपटक जसपा नेपालबाट उम्मेदवार बनेका छन् भने एमालेले आफ्नै उम्मेदवार उठाएको छ। यस्तै, काँग्रेसबाट कारबाही भोगेका विक्रम खनाल रास्वपाबाट चुनावी मैदानमा उत्रिएका छन्, जसले मत विभाजनको समीकरणमा केही प्रभाव पार्न सक्ने आँकलन गरिएको छ।

चौधरीले २०७९ को निर्वाचनमा गरेका प्रतिवद्धता र कार्यान्वयनको बुकलेट बनाएर मतदातासँग आगामी निर्वाचनमा क्षेत्र नम्बर १ को विकासको एजेन्डा प्रस्तुत गरिरहेका छन्। भित्री सडक स्तरोन्नति, सिँचाइ सुबिधा विस्तार, नदी कटान नियन्त्रण र स्वास्थ्य शिक्षा पूर्वाधार सुधार प्राथमिकतामा थिए। तीन वर्षे अवधिमा चौधरीले प्रतिवद्धता गरे अनुरूपका काम केही पूरा भएको र केही पूरा गर्न बाँकी भएकाले आफू फेरि चुनावी मैदानमा उत्रिएको बताए। उनले भने, "मैले जे सोच बनाएको थिए, त्यो पूरा हुने चरणमा छ, स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण काम भएका छन्, कृषि क्षेत्रका केही काम बाँकी छ त्यो पनि पूरा गर्ने मार्गचित्र तयार छ।"

त्रिपाठीले भने यसपटकको निर्वाचनमा मुख्यतया तीनवटा पक्षलाई प्राथमिकता दिएका छन्। उखु किसानका समस्याहरूको स्थायी समाधान र समयमै मल बीउको सहज उपलब्धता, शिक्षा र स्वास्थ्यलाई अझ आधुनिक र सुविधा सम्पन्न बनाउने तथा प्राविधिक शिक्षाको विस्तार र पूर्वाधार क्षेत्रका अधुरा सडक सञ्जाल र निर्माणका कामहरूलाई पूर्णता दिने प्रतिवद्धता आफूले गरेको उनले बताए। त्रिपाठीले यसपटकको निर्वाचन आफ्नो अन्तिम भएको पनि बताए। उनले २०४८ सालदेखि निर्वाचन लड्दै आएका छन्। त्रिपाठीको यो आठौं प्रतिष्पर्धा हो।

रास्वपाका उम्मेदवार विक्रम खनालले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो पहिलो चुनावी मुद्धा बनाएका छन्। "सुशासन कायम गर्दै नागरिकलाई सहज सेवा प्रदान गर्नु मेरो पहिलो काम हो, जिल्लाका अन्य विकास निर्माणका कामहरू समेत म यहीको स्थानीय भएकाले समाधान गर्न सक्छु"-उनले भने। नयाँ दल अहिले मतदाताको आकर्षण बनिरहेको भन्दै खनालले निर्वाचनमा आफ्नो जित निश्चित रहेको दावी गरे।

(बाँकी पृष्ठ २ मा)

## निर्वाचन लक्षित 'भेहिकल चेन पेट्रोल' अभियान



**शंकर केसी,**
सल्यान, १६ फागुन।

सल्यान प्रहरीले निर्वाचनको सुरक्षाका लागि भन्दै मोटरसाइकलमा गस्ती गरेको छ। निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यसहित मोटरसाइकल गस्ती गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

प्रहरी नायब उपरीक्षक डा. हेम बहादुर केसीको कमान्डमा राजमार्ग तथा भित्री ग्रामीण क्षेत्रहरूमा 'भेहिकल चेन पेट्रोल' अभियान सञ्चालन गरिएको हो। अभियानका क्रममा शुक्रवार २० वटा मोटरसाइकलमा ४० जना प्रहरी कर्मचारी परिचालन भई सल्यानका विभिन्न स्थानमा संयुक्त रूपमा गस्ती गरिएको थियो। पहिलो दिनमै करिब १२० किलोमिटर क्षेत्र समेटिएको प्रहरीले जनाएको छ। दोस्रो दिन शनिबार गस्तीको संख्या बढाउँदै जिल्लाका विभिन्न ठाउँमा टोलि बाँडिएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी प्रहरी निरीक्षक देवराज भट्टराईले जानकारी दिए। करिब ७० जनाको प्रहरी टोलीले कपुरकोट, काभ्रा, सल्ली लगायतको क्षेत्रमा मोटरसाइकल गस्ती गरेको उनले बताए।

(बाँकी पृष्ठ २ मा)

## कपिलवस्तु–२ :

# कांग्रेसको किल्लामा एमाले र रास्वपाको धावा









**राम अवतार चौधरी**
चन्द्रौटा (कपिलवस्तु), १६ फागुन।

चुनावी सरगर्मी बढेको बेला कपिलवस्तु-२ मा प्रचारप्रसारका गतिविधि तीव्र बनेको छ। प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा सरगर्मी मात्र बढेको छैन।

राजनीतिक समीकरणको जटिल खेलसमेत सतहमा आएको छ। यस निर्वाचन क्षेत्रमा २८ उम्मेदवार चुनावी दौडमा रहे पनि वास्तविक प्रतिस्पर्धा चार प्रभावशाली उम्मेदवारहरूबीच केन्द्रित देखिएको छ। जसमध्ये १७ जना विभिन्न राजनीतिक दलबाट र ११ जना स्वतन्त्र रूपमा–चुनावी मैदानमा उत्रिएका छन्।

जहाँ पुरानो विरासत जोगाउने संघर्ष, दल परिवर्तनको रणनीति र वैकल्पिक राजनीतिक धारको चुनौती एकसाथ भिडिरहेका छन्। यो प्रतिस्पर्धाले चुनावी माहोललाई थप रोचक बनाएको छ।

**नयाँ रणनीति**

एमालेबाट उम्मेदवार बनेका दुर्घनारायण पाण्डेय नयाँ राजनीतिक यात्राले उत्साहित छन्। कांग्रेसभित्रको आन्तरिक संरचना र मतदाताको मनोविज्ञान बुझ्ने क्षमताका कारण पाण्डेय कांग्रेसको परम्परागत मत आधारमा प्रवेश गर्ने रणनीति अपनाएको स्थानीयको आंकलन छ।

(बाँकी पृष्ठ २ मा)

## 'उत्सवमय' निर्वाचनको पर्खाइ



**बुटवल टुडे संवाददाता**
बुटवल, १६ फागुन।

प्रतिनिधि सभा निर्वाचन निर्वाचन फागुन २१ मा हुँदै छ। जेनजी आन्दोलत (भदौ २३ र २४) को घटना पश्चात गठन भएको नागरिक सरकारको अगुवाईमा प्रतिनिधि सभा निर्वाचनको तयारी पूरा भएको छ। जनताले आफ्नो मतको प्रयोग गर्नको लागि उत्साहित भएका छन्। पछिल्लो समयमा विदेशबाट समेत आफ्नो मतको सहित सदुपयोग गर्नको लागि स्वदेश फकर्नेहरूको संख्या समेत उत्साहजनक रहेको छ।

लुम्बिनी प्रदेशका पहाडी ६ वटा जिल्ला गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, रोल्पा र रुकुम लगायतका जिल्लाहरूमा पछिल्लो समयमा विदेशका विभिन्न भूमिमा आफ्नो श्रम गरेर जीविकोपार्जन गर्दै आएका विभिन्न नेपालीहरू स्वदेशमा फर्कने लर्को समेत रहेको छ।

(बाँकी पृष्ठ २ मा)






## सम्पादकीय

# ‘युवाहरूले विवेक पुऱ्याउने बेला’

*फागुन २१ गतेको ऐतिहासिक निर्वाचन आउन अव चार दिनमात्रै बाँकी छ। निर्वाचन प्रचार प्रसारको अवधी सोमबार राती १२ बजेदेखि समाप्त हुँदैछ। अव यही बेला हो- निर्वाचनप्रति आम मतदाता उत्कट अभिलाषासहित निर्वाचनको लागि आफ्नो विवेक प्रयोग गर्ने समय। त्यसो त यो निर्वाचन विशेष परिस्थितिमा हुन लागेकोले यो निर्वाचनको विशेष महत्व छ। खासगरि गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले गरेको दिशानिर्देश अनुसार यो ऐतिहासिक निर्वाचन हुन लागेकोले यसको फरक महत्व छ। खासगरि युवाहरूमा यो निर्वाचनले उल्लास सिर्जना गरेको छ। जेनजी युवाहरूमा निर्वाचनप्रतिको लगाव र झुकाव अहिले धेरै देखिएको छ। विगतका निरासा र विचलन चिर्ने यो निर्वाचनमा जेनजी युवाहरूको काँधमा ठूलो जिम्मेवारी छ। जेनजी आन्दोलनपछि युवाहरूमा राजनीतिप्रति क्रेज बढेको छ। फलतः उनीहरूमा जोश-जाँगर, उत्साह र क्रियाशीलता बढेको छ। युवाहरू राजनीतिमा आस्था र निष्ठा अनि इमान्दारिताका साथ होमिएकै कारण विगतका ऐतिहासिक आन्दोलनले बहुदलीय व्यवस्था पुनर्स्थापना गऱ्यो, राजा ज्ञानेन्द्रको राजशाहीलाई अन्त्य गऱ्यो र मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। राजनीतिक चेतना भएका हरेक युवायुवती आफ्नो भविष्य र ज्यानको परवाही नगरी आन्दोलनमा होमिए। हरेक युवा वर्गको राजनीतिमा आकर्षण यति वढ्यो कि राजनीतिमा संलग्न नभएकाहरूले साथ संगत नै पाउने अवस्था थिएन। त्यो निष्ठा, त्याग-तपस्या र योगदानको परिणाम संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति हो। तर, संघीयता प्राप्तिपछि मुलुकमा परिवर्तनको अपेक्षा गरेका युवाहरूमा नैराश्यता देखियो। मुलुक जुन रफ्तारमा अघि बढ्नूपर्ने हो, त्यो हुन सकेन। छोटो समयमै युवाहरूमा विचलन देखियो। जसको फलस्वरूप मुलुकले जेनजी आन्दोलनको सामना गर्नुपऱ्यो। आखिर किन त ? यो प्रश्नको उत्तर खोज्नेहरूले युवाहरूको मनोविज्ञान बुझ्ने कोसिस गर्नुपर्दछ। दल पिच्छेका युवा विद्यार्थी संगठन त छन तर ति केवल औपचारिकतामा आधारित वा यान्त्रिक प्रकृतिका मात्र देखिन्छन्। निर्वाचनको बखतमा यदाकदा देखिने सक्रियताले साँचो अर्थमा सवै युवाहरूको प्रतिनिधित्व हो भन्न सकिदैन। दलहरूले पनि युवालाई उत्साहित गराउन, उनीहरूको भविष्यप्रति बेवास्ता गर्दाको परिणाम जेनजी विष्फोट हो। युवाहरूलाई विगतदेखि नै अनेक ललिपप दिएर झुक्याउने काम भयो र उनीहरूलाई अवसरभन्दा बढी दुरूपयोग गरियो। आफ्नो दल वा गुटका कुनै नेताले जस्तोसुकै गल्ती वा कमजोरी गरे पनि सहेर बस्ने र चर्को स्वरमा सर्मथन गर्ने प्रवृत्तिले अर्को एउटा युवाहरूको समूह जसले त्यो शैलीप्रति वितृष्णा देखाउँछ उनीहरू पलायन हुने अवस्था आएको हो।*

*पछिल्लो जेनजी आन्दोलनले युवालाई जबरजस्त रूपमा राजनीतिमा तानेको छ। अव युवाहरूमा देखिएको राजनीतिको मोह कुनैपनि अवस्थामा बिकर्षण हुन नपाओस्। युवालाई निष्ठा, इमान्दारिता, मूल्य र मान्यतामा आधारित बनाउनु जरुरी छ। युवालाई सही मार्गमा लगाउने वा उनीहरूको भविष्यको ग्यारेन्टीको सवाल सही ढंगले सम्वोधन गरिनुपर्दछ। युवालाई हरेक क्षेत्रमा अवसर र सहभागिता दिनुपर्दछ। नेपालमा युवाहरूको संख्या कूल जनसंख्याको करिव ४० प्रतिशत छ तर समावेशी र सहभागितामूलक हिसावले उनीहरूलाई सधै पछाडी पारिएको छ। अव समय धेरै छैन। निर्वाचनको समय नजिक आएकोले युवाले दिने एउटा मतले देशको भविष्य कोर्ने मार्गीचित्र बन्नसक्छ। तसर्थ युवाहरूको मतमा देशको भविष्य कोर्ने सुनौलो रेखा छ। अतः युवाहरू यो निर्वाचनमा निर्णायक हुनेछन्। युवाहरूको मत सस्तो लोकप्रियतामा नबिकोस्। क्षणिक आवेगमा हुने निर्णयले आम नेपाली जनताले जीवनभर पछुताउनु नपरोस्। आजका जेनजी युवा जगतले सघन विचार गर्ने बेला आएको छ।*

### आज योगी नरहरी नाथको जन्मजयन्ती

# मान–अपमान भन्दा धेरै परका राष्ट्रगुरु




श्याम खनाल

लगभग एक महिना पहिले भारतको इलाहावादमा भएको माघ मेलाको घटना हामीमध्ये धेरैले थाहा पायौँ। त्यतिखेर थाहा नभएको भएमा पनि हालसालै पनि भारतीय सञ्चारमाध्यमतिर नजर गऱ्यौं भने पनि त्यो विषय थाहा भइहाल्छ। सूर्य मकर राशिमा प्रवेश गर्ने समयलाई आधार मानी अर्थात् नाक्षत्रीय उत्तरायण हुने समयलाई आधार मानी विशेषत यस जम्बुद्वीप त्यसमा पनि अझ भारतवर्षमा र यस स्थानमा जन्मी विश्वका जुनसुकै कुनामा बसोबास गर्ने ॐ कार परिवारका मानिसहरूले मनाउने पर्व मकर संक्रान्ति हो। मकर संक्रान्ति मुख्य मानिएपनि यतिखेर चन्द्रमास अनुसारको माघका कृष्ण र शुक्ल दुवै पक्षभरी नै स्नानादि कार्य गर्दा ठूलो पुण्य प्राप्त हुने विश्वासका साथ माघ महिनाभरी नै मनाउनका लागि नै माघ मेलाको आयोजना हुने गर्दछ। भारतमा मेलाकै रूपमा मनाउने गरिन्छ भने नेपालमा त्यस्तो मेलै नभनिएपनि तिर्थक्षेत्रमा बसोबास गरी माघस्नान गर्ने चलन हामी सनातनीहरूका माझमा रहिआएको छ। इलाहावादमा भारत तथा नेपालका ठूला ठूला सन्त महन्त आएर स्नान गर्ने प्रचलन छ। त्यही परम्परा अनुरूप त्यहाँ आद्य शङ्कराचार्यद्वारा स्थापित चारै मठका पीठाधीश स्वामीहरूको पनि स्नान हुने गर्दछ। धर्मरक्षाका लागि स्थापित पूर्व पश्चिम उत्तर दक्षिण सबैतिरका शङ्कराचार्यहरूको यस समयमा इलाहावादमा स्नान हुने गर्दछ। स्नानकै सिलसिलामा उत्तर ज्योतिर्मठका शङ्कराचार्य मठका पीठाधीश अविमुक्तेश्वरानन्द सरस्वतीज्यू महाराज, जसलाई सबैले ज्योतिर्मठ पीठाधीश स्वीकार गर्दैनन् उहाँले नुहाउने समयमा भएको विवादले हामी सनातनीहरूका लागि अलि अप्ठ्यारो महसुस गराएको थियो। कसैले भारतको सरकार र उत्तरप्रदेश सरकारलाई गाली गर्दै थिए त कसैले अविमुक्तेश्वरानन्द महाराजलाई नै। त्यसको गुह्य कुरो जे जस्तो भए पनि त्यो भिडभाडमा तामझामका पालकीमा बसेर स्नान गर्न जाँदै गरेका स्वामीजीलाई देख्दा राष्ट्रगुरु योगी नरहरिनाथलाई देखेका र उहाँका कर्महरू देखे सुनेका हामीलाई कस्तो कस्तो पक्कै लाग्यो। त्यसैले पनि राष्ट्रगुरुको सम्झना गर्ने दिनमा त्यो विषय पनि यहाँ जोडियो।

वि.सं.१९७१ फागुन १७ गतेका दिन कालिकोटको लालुगाउँमा आमा गौरादेवी र बुबा ललितसिंह ऋक्सेन थापाको माइलो छोराका रूपमा जन्मिएका बलवीरसिंह ऋक्सेन थापा २० वर्षकै उमेरमा गोरक्ष परम्पराबाट दीक्षित योगी बन्नुभएको हो। अर्थात् जुम्ला जिल्लास्थित प्रसिद्ध चन्दननाथ मन्दिरका महन्त छिप्रानाथ योगीबाट नाथ परम्परा अनुसार दीक्षित भएपछि उहाँ योगी नरहरिनाथ बन्न पुग्नुभएको हो। अधिकांश गुरुहरूले आफुले हिँडेको बाटोलाई मात्र सत्यमार्ग ठान्छन्। वेदोक्त सत्य सनातन धर्मको मर्म अनुरूप “ईश्वरीय बाटा अनेक गन्तव्य एक“ भन्ने कुरालाई बुझाउन सक्दैनन्। उनीहरूले नास्तिक र विधर्मीलाई सत्य सनातन धर्म र सम्प्रदायका माध्यमले भगवत्चिन्तनमा प्रवेश गराउन सक्ने त सबालै भएन, ईश्वरीय मार्गमै हिँडिरहेको व्यक्तिलाई समेत त्यो बाटो ठिक छैन यो बाटो ठिक छ भनी यी कच्चा बच्चा गुरुहरूले झनै ढुलमुल गराएर आफैको पूजा गराउन थाल्दछन्। तर शिवगोरक्षावतार राष्ट्रगुरु योगी नरहरिनाथ गोरक्ष परम्परामा दीक्षित भएतापनि नेपालमा वैदिक कालदेखि नै चलिरहेका कुनैपनि सनातन परम्पराका मार्गहरूलाई ओझेल पारी आफ्नै सम्प्रदायको मात्र प्रचार प्रसार तिर लाग्नुभएन। जसलाई पनि चेला चपेटा बनाएर हिँड्नुभएन। त्यत्रा विशिष्ट योगी एवम् विद्वान् भएर पनि कसैलाई छाता ओडाएर हिँड्नुभएन। कुनै बच्चाहरूलाई दण्ड बोकाएर हिँड्नुभएन। सबै वैदिक एवम् पौराणिक सनातन मार्गका राम्रा कुरालाई अङ्गिकार गर्नुभयो भने आफ्नै सम्प्रदायमा पनि चलाइएका केही नराम्रा कुराहरूको विरोध गर्नुभयो। त्यतिमात्र नभएर- ‘शत्रोरपि गुणा वाच्या दोषा वाच्या गुरोरपि। युक्तियुक्तं वचो ग्राह्यं न वचो गुरुगौरवात्॥’ भन्ने नीति वाच्यलाई सधैँ अङ्गिकार गर्नुभयो। आफ्ना परम्पराका गुरुहरूका कुरा भनेर कहिले पनि असत्यलाई सत्य भन्नुभएन। जे गर्नुभयो सत्यका लागि नै गर्नुभयो। राष्ट्रका लागि गर्नुभयो। मानव धर्म अर्थात् सनातन धर्मको रक्षाको लागि नै गर्नुभयो।

सनातन धर्मको उद्गमस्थल नेपाल पृथ्वीनारायण शाहका समयदेखि नै विधर्मीहरूको षडयन्त्रमा पर्दै आइरहेको थियो। यही




कुरालाई जानेर तात्कालिक समयमा पनि पृथ्वीनारायण शाहले हामी-हामीलाई फुटाई यहाँ राज गर्न आएका केही पादरीहरूलाई देश निकाला गर्नुभएको थियो। त्यसपछि पनि पटक-पटक विधर्मीहरूका षडयन्त्र भइरहेका थिए। त्यसैले पनि राजाहरूमा मोज-मस्तीको अंग्रेजीपन आई जनसेवामा रिक्तता आइरहेको थियो। यस गुह्य कुराको ज्ञान तात्कालिक नेपाल प्रशासक राजा महेन्द्रलाई जानकारी गराई हिन्दू अधिराज्यका रूपमा संविधानमैँ राख्ने सल्लाह राष्ट्रगुरुले नै दिनुभएको हो। हाम्रै सनातन परम्परा जसले ‘विश्वधैव कुटुम्बकम्’ को भावना अनुसार काम गर्न प्रेरणा दिन्छ, ‘सर्वे भवन्तु सुखिनः’ को अवधारणा राख्दछ, त्यही परम्पराबाट विश्व शान्तिका लागि नेपालले नेतृत्व लिनुपर्दछ, नेपाललाई विश्व गुरुराष्ट्र बनाउनुपर्दछ भनी आजीवन विद्यार्थी भई अमूल्य कार्य गर्नुभयो। शास्त्रीय परम्परा अनुरूप नै नेपाली जनताले हिन्दू धर्म र बौद्ध धर्ममा कुनै पनि भेद राख्ने गरेका थिएनन्। नेपालका ऐतिहासिक राजाहरूले पनि बुद्ध र शिवमा कुनै भेद नदेखीकनै धार्मिक विकास गर्दै आएका थिए। शास्त्रको मर्म पनि त्यही नै थियो। शिवोऽहम् नै बुद्धोऽहम् हो भनी बुझेका थिए। तर यो एकतालाई विगारेर यहाँ धार्मिक द्वन्द्व मच्चाउने दाउमा रहेक विदेशी षडयन्त्रकारीहरूले शिव र बुद्ध फरक हो भन्ने अनि विष्णुको अवतार बुद्ध होइनन् भन्ने भेद बुद्धिको विकास गराउँदै थिए। यो कुरालाई बुझेर उहाँले तात्कालिक समयमा नै सो सम्बन्धमा यसरी व्याख्या गर्दै जनताहरूलाई सुसूचित गराउनुभएको थियो -

नमः स्वस्ति स्वाहा भणतु मणिपद्मे हुमिति वा।
प्रकामं खं ब्रह्म प्रजपतु च शून्यं स्थिरधिया।
शिखासूत्रे धृत्वा मसृणमथ कृत्वा निजशिरो।
हिमाले वा माले निवसतु जनो राष्ट्रियतया॥

अर्थात् सनातन वैदिक र बौद्धमा भेद नै छैन, जुनसुकै तरिकाले त्यो खं ब्रह्मतत्त्व अथवा शून्य ब्रह्मतत्त्वको आराधना गरे पनि राष्ट्रलाई प्रथम मानेर नै गरोस्। शिखा सूत्र धारण गरेर नमः स्वस्ति स्वाहा भन्दै खं ब्रह्मको जप गरोस् या कपाल मुण्डन गरेर मणिपद्मे हुम् भन्दै शून्यतत्वको नै चिन्तन गरोस् जे गरे पनि स्वतन्त्र तरिकाले स्थिरबुद्धिद्वारा हिमाल, पहाड वा तराई जतातिरै बसेपनि राष्ट्रलाई प्रथम मानेर गरोस्! केही गुरुहरूलाई छोडेर यस किसिमका गुह्य कुराहरूको व्याख्या गर्दै नेपाली सनातनीहरूलाई एकजुट गराउने कार्य अहिले आफैलाई आफै गुरु लेख्दै हिँड्नेहरूले गरेको देख्नु त लगभग दुर्लभ भइसकेको छ। हिन्दू र बौद्ध एकता त धेरै परको कुरा भयो यहाँ त शिव र विष्णुमैँ भेद देखाएर चेलाहरूको धनहरण गर्ने मात्र हुन थालेका छन्। शिव र विष्णुमा मात्र होइन विष्णुकै अवतार राम र कृष्णमा समेत भेद देखाएर पो रोटी सेक्नेहरूको विगविगी चलिरहेको छ। उनीहरूलाई अझ मान-सम्मान चाहिने। अनावश्यक गाडी र वंगालाको मोजमजा। गृहस्थाश्रमी हुनुलाई अशास्त्रीय र गलत भनिएको यहाँ होइन तर तिनै पत्नी र बच्चाबच्चीको पालनपोषणका लागि नै धार्मिक कथाका अनेक बहानाबाजी। असुहाउँदो लवाई, खबाई, मानसम्मान अहिलेका गुरुहरूको देख्दा उनीहरूलाई भन्दा उनीहरूको आचरण देख्नेलाई लाज लाग्ने परिस्थिति बनेको छ।

यसै प्रसङ्गमा राष्ट्रगुरुले गरेका यज्ञको उद्देश्य विश्वकल्याणका लागि एवम् राष्ट्रकल्याणका लागि हुन्थे भने अहिलेका यज्ञका उद्देश्य केही स्वामीजीहरू र गुरुहरूलाई छोडेर अधिकांश गुरुजीहरूका आफ्नै परिवार कल्याणका लागि हुने गरेका छन्। उहाँका यज्ञमा गुहरूलाई सुहाउँदो पारिश्रमिक दिएर धर्मरक्षाको कोश बनाइन्थ्यो तर अचेलका यज्ञमा गुरुहरूलाई असुहाउँदो पारिश्रमिक दिएर धर्मरक्षाको कोश रित्तै हुने गर्दछ। राष्ट्रगुरु योगी नरहरिनाथका समयमा योगी र विद्वान्हरू हुनुहुन्नथ्यो भन्न खोजिएको हैन। तर सबै क्षेत्रको विद्वान् चाहिँ राष्ट्रगुरु योगी नरहरिनाथ नै हुनुहुन्थ्यो। गोरक्षपरम्परामा रहेको मृगस्थली स्थित गोरक्षनाथ मन्दिरका महन्तमा अभिषिक्त हुनुहुन्थ्यो। तात्कालिक समयमा उहाँलाई रथारोहण गराएर महन्त बनाइएको थियो।

माथि पनि भनिए जस्तै उहाँले चाहनुभएको भए उहाँ जीवनभर पालकीमा बसेर अरूलाई छाता ओडाएर, दण्ड समाउन लगाएर हिँड्नुहुन्थ्यो। तर उहाँले कहिले पनि त्यसो गर्नुभएन। सरल नै भएर राष्ट्रको आत्मा धर्मको भन्ने बुझेर राष्ट्र र धर्मका लागि जीवन निर्वाह गर्नुभयो। उहाँलाई मान सम्मानले मात्र होइन कि शीर्षकमा भनिएजस्तै अपमानले पनि केही छुन सकेन। कसैले राजाको मान्छे भनेर अपमान गरे, कसैले कम्युनिष्टको मान्छे भनेर अपमान गरे, कसैले भारतीय जोगी भनेर अपमान गरे, कसैले आर्यसमाजी भनेर अपमान गरे। त्यति मात्र कहाँ हो र सरकारले जेल नै हाल्यो। राजाले पनि ठूलो अपमान गरे। त्यसले उहाँमा कत्ति पनि नैराश्यता आएन। धर्मका मर्म बुझाएर जनतालाई सुखी बनाउने उहाँको अभियानमा कत्ति पनि विचलन आएन। न मान-सम्मानले नै छोयो न त अपमानले नै छोयो। त्यसैले त हाम्रा राष्ट्रगुरूप्रति प्रत्येक नेपाली जो हामी निराकार एकै ब्रह्मका साकार विभिन्न रूप हरि-हर-बुद्ध-किरातका सन्ततिका रूपमा आफ्नो परिचय दिई शिर उचो गर्दछौँ। ती सबै हामीको मस्तक उहाँप्रति सधैँ झुक्ने गरेको छ। ती मान अपमान भन्दा धेरै टाढाका राष्ट्रनिधि राष्ट्रगुरूप्रति हार्दिक श्रद्धासुमन। आदेश।

## निर्वाचन...

निर्वाचनको समयमा हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि, मतदाता त्रास सिर्जना गर्ने प्रयास, अवैध चलखेल, तथा शान्ति सुरक्षामा असर पार्ने गतिविधि नियन्त्रण गर्न गस्ती अभियान सञ्चालन गरिएको प्रहरीले जनाएको छ। होलि पर्व तथा समग्र शान्ति सुरक्षाको बिषयलाई ध्यानमा राखेर मोटरसाइकल, पैदल तथा अन्य सवारीसाधनबाट गस्ती गरिएको सूचना अधिकारी भट्टराईले जनाए।

यस किसिमको गस्तीले मतदातामा सुरक्षा अनुभूति बढाउने, निर्वाचन आचारसंहिता उल्लंघन तथा अवैध गतिविधि नियन्त्रण गर्ने, संवेदनशील क्षेत्रको निगरानी सुदृढ गर्ने अपेक्षा गरिएको छ। जिल्ला प्रहरी कार्यालय सल्यानले निर्वाचन लक्षित गर्दै सुरक्षा व्यवस्था कडा पारिने जनाएको छ भने सर्वसाधारणलाई कुनै पनि शंकास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन अनुरोध पनि गरेको छ।

## किसानका...

“मतदाता नयाँ दलप्रति आकर्षित छन्, मेरो जित हुने अवस्था देखिरहेको छु”-उनले भने।

एमाले उम्मेदवार रामप्रसाद पाण्डेयले भने किसानलाई सिचाई व्यस्वाथा, युवाहरूलाई कृषि पेशासंग जोडी स्वरोजगार बनाउने र पर्यटकीय क्षेत्रको विकासको काम अगाडि बढाउने भन्दै मत मागिरहेका छन्। उनले भने, “निर्वाचन क्षेत्र नं. १ मा सडक सञ्जाल नपुगेको ठाउँमा सडक सञ्जाल जोड्न पहल गर्ने छु, भ्रष्टाचार शुन्य सहनशिलता र सुशासन कायम गर्ने पनि मेरो एजेण्डा छ।”

यस क्षेत्रका प्रायः सबै उम्मेदवारहरूले कृषि क्षेत्रलाई मुख्य प्राथमिकताका साथ उठाएको देखिएको छ। किसानको मुद्दालाई प्राथमिकतामा राख्दा मत तान्न सक्ने आंकलन गरेर उनीहरूले कृषि क्षेत्रका मुद्दालाई विशेष प्राथमिकता दिएका हुने। बदलिंदो अवस्थामा कसले जित निकाल्छ भन्ने कुराको यकिन गर्न भने फागुन २१ कुनैपर्ने देखिएको छ। कतिपय विश्लेषकहरूले यो क्षेत्रमा अहिले बहुपक्षीय प्रतिष्पर्धा तीव्र बन्दै गएको आंकलन गरेका छन्।

## कांग्रेसको...

एमालेको लागि पनि कपिलवस्तु-२ बाट आफ्नो प्रभाव पुनः विस्तार गर्ने अवसरका रूपमा उनको उम्मेदवारीलाई हेरिएको छ। लामो समय नेपाली कांग्रेससँग जोडिएका उनी २०७८ को राष्ट्रियसभा उपनिर्वाचनमा कांग्रेसबाटै विजयी भएका थिए। सभा सदस्यको कार्यकाल समाप्त भएपछि एमाले प्रवेश गरेका पाण्डेय अहिले एमालेको तर्फबाट प्रतिनिधिसभा सदस्य पदमा प्रतिस्पर्धामा छन्।

### विरासतमा चुनौती

नेपाली कांग्रेसबाट पूर्व मन्त्री तथा लुम्बिनी प्रदेश महामन्त्री सुरेन्द्रराज आचार्य पुनः चुनावी मैदानमा उत्रिएका छन्। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा विजय भएका कारण चुनावी मैदानमा उत्रिएका छन्। यसपटक पनि उनको उम्मेदवारी अनुभव, संगठनात्मक र स्थापित मतदाताको आधारले बलियो मानिएको छ। कांग्रेसभित्रको प्रभाव र स्थानीय स्तरमा बनेका उनलाई प्रतिस्पर्धामा अग्रपंक्तिमा राखेको बताइन्छ। तर यसपटक उनको चुनौती केवल प्रतिद्वन्द्वी दलबाट मात्र नभई कांग्रेसकै पृष्ठभूमिका अन्य उम्मेदवारबाट पनि देखिएको छ। मत विभाजनको सम्भावना, वैकल्पिक राजनीतिक शक्तिको उदय तथा पुराना प्रतिस्पर्धीहरूको पुनः सक्रियताले उनलाई आफ्नो विरासत जोगाउन चुनौती थपिएको छ।

### इन्जिनियरको जागिर

पूर्व संघीय मन्त्री तथा चारपटक सांसद जितेका बृजेश कुमार गुप्ता यसपटक नेपाली कम्युनिष्ट पार्टीबाट चुनाव लडिरहेका छन्। उनको लामो राजनीतिक अनुभव, विभिन्न दलमार्फत हासिल गरेको जनसम्पर्क र क्षेत्रीय पहिचानले प्रतिस्पर्धालाई अझ रोचक छ। गत निर्वाचनमा एमालेबाट चुनाव लडेका उनी झिनो मतान्तरले पराजित भएका थिए। एमालेबाट टिकट नपाएपछि नयाँ दलबाट मैदानमा उत्रिएका गुप्ता आफ्नो पुरानो मत आधार पुनः सक्रिय बनाउने रणनीतिमा देखिएका छन्। गुप्ता इन्जिनियरको स्थायी जागिर छाडेर २०५६ सालदेखि राजनीतिमा सक्रिय छन्।

### सुरक्षा संयन्त्रको अनुभव

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पूर्व एसएसपी बिक्रमसिँह थापा चुनावी मैदानमा उत्रिएका छन्। उनी कांग्रेस पृष्ठभूमिका नेता भएपनि टिकट नपाएपछि रास्वपा प्रवेश गरेका थिए। गत निर्वाचनमा प्रत्यक्ष उम्मेदवार नभए पनि रास्वपाले समानुपातिकतर्फ ४ हजार २९९ मत प्राप्त गरेको तथ्यले यस क्षेत्रमा वैकल्पिक राजनीतिक धारप्रति मतदाताको चासो रहेको हेरिएको छ।

युवा मतदाता र पुराना दलप्रति असन्तुष्ट समूहलाई आकर्षित गर्ने सम्भावनाले उनले उम्मेदवारी नागरिकको भनाई छ। सुरक्षासंयन्त्रमा लामो अनुभव भएका थापाको प्रशासनिक दृष्टिले नजिकबाट नियालिएको छ। नयाँ रणनीति, राजनीतिक दल फेरबदलका अनुहार, अनुभव र वैकल्पिक शक्तिको उदयले यस क्षेत्रले विकासमा गति लिने स्थानीय नागरिकहरूको भनाई छ।

## ‘उत्सवमय’...

मतदाता शिक्षा अन्तर्गत गाउँ गाउँमा बदर मत संख्या कम गर्नको लागि अभियान जारी रहेको छ। निर्वाचन आयोगका अनुसार आमनागरिकलाई मताधिकारको महत्त्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत कार्यक्रम अनुसार यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका ६ हजार ७४३ वडाहरूमा एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालित छन्।

यसरी खटिएका मतदाता शिक्षा स्वयंसेवकहरूबाट आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्य भइरहेको छ। मतदाता शिक्षा स्वयंसेवकहरूले सम्पादन गरेका कार्यको अनुगमनका लागि सम्बन्धित स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिलाई अनुगमनकर्ता तोकी निजहरूबाट अनुगमन तथा सहजीकरण गर्ने कार्य भइरहेको छ।

विद्युतीय माध्यमबाट मतदाता शिक्षा प्रदान गर्ने उद्देश्यले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गत स्थापना गरिएको मतदाता शिक्षा इकाईले हालसम्म ४७० वटा सामग्री उत्पादन गरेर आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखेको छ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सचेतना सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ। यस्ता सामग्रीले डिजिटल प्लेटफर्मबाट समेत मतदाता शिक्षा कार्यक्रम प्रवर्धन गर्नुका साथै आम मतदाताले आधिकारिक सूचना पाउने अपेक्षा आयोगले गरेको छ।

मतदाता शिक्षा कार्यक्रम प्रवर्धनका लागि आयोगले उत्पादन गरेका संवादमूलक भिडियो सन्देश, गीति सन्देश, लघु भिडियो तथा जिंगलहरू प्रकाशन एवम् प्रसारण गरिरहेको छ। यस्ता सामग्री आयोगका आधिकारिक डिजिटल प्लेटफर्मबाट प्रसारण भइरहेका छन्। मतदातालाई निर्वाचनमा सहभागी हुन प्रेरित गर्ने, निर्वाचन स्वच्छता बढाउने तथा निर्वाचन आचारसंहिता पालनाका लागि उत्प्रेरित गर्ने सन्देशमूलक सामग्रीबाट मतदान प्रतिशत बढाउन तथा बदर मत प्रतिशत घटाउन भूमिका खेल्ने आयोगको अपेक्षा छ।

मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सम्पूर्ण जिल्लामा पुऱ्याइसकिएको छ। मतदाता शिक्षा कार्यक्रम ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा स्वयम्सेवक परिचालन गरी मतदाता शिक्षा प्रदान गर्ने कार्य जारी छ। मतदान केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मी मतदान केन्द्रतर्फ प्रस्थान गर्न थालेका छन्।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायतका भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन नेपाल सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको छ।

निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेका छन्।

लुम्बिनी प्रदेशमा कुल मतादाता ३३ लाख ८६ हजार ६ सय ८० रहेका छन्। जसमा महिला मतदाता १६ लाख ७१ हजार ४ सय ७९ जना रहेका छन्। पुरुष मतदाता १७ लाख १५ हजार १ सय ६३ जनारहेका छन् भने अन्य मतदाताको संख्या ३८ जना रहेका छन्।

जसमा निर्वाचन शिक्षालगायतका विषयमा करिव ८० प्रतिशत भन्दा बढी मतदान हुने आंकलन निर्वाचन आयोगले गरेको छ।


# Invitation for Bids

**Sringighat Samudayik Ban Upabhokta Samuha**
**Banganga-1,2,3,4,5 Kapilvastu**

**Date of publication: 2082/11/17**

1. Sringighat Samudayik Ban Upabhokta Samuha invites sealed bids from eligible bidders for the Fencing Work of followings under National Competitive Bidding procedures.

| S. No | Contract ID NO. | Description Of Works | Estimated Amount Inclusive Vat & PS (NRs.) | Bid Security Amount (Nrs.) | Bid Validity Period (Days) | Deadline for Purchasing the Bid Documents | Deadline for Submission of the Bids. | price of Bid Document (NRs.)(Non Refundable) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 1/SR/ POW/082-083 | Construction of Community Building | 5845215.38\|- | 150000\|- | 90 | 17:00 hr. On 2082/12/16 | 12:00 hr. On 2082/12/17 | 3000\|- |
| 2 | 2/SR/ POW/082-083 | Forest Fire Control Programme | 5923114.77\|- | 150000\|- | 90 | 17:00 hr. On 2082/12/16 | 12:00 hr. On 2082/12/17 | 3000\|- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Sringighat Samudayik Ban Upabhokta Samuha office, Kapilvastu.
3. A complete set of Bidding Documents may be purchased from the Sringighat Samudayik Ban Upabhokta Samuha Office, Kapilvastu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee within the deadline as stated in the above table.
Information to deposit the bid doc fee and bid amount in Bank:
Name of the Bank: Agriculture Development Bank, 4 No Jeetpur Branch
Name of Office: Sringighat Samudayik Ban Upabhokta Samuha
Account no. : 0415600563835012
4. Bids must be valid for a period mentioned in the table above after bid opening and must be accompanied by a bid security from commercial bank , which shall be valid for 30 days beyond the validity period of the bid.
5. Bid opening Date: 2082/12/17 on 14:00 hr. Location: Sringighat Samudayik Ban Upabhokta Samuha office, Jeetpur . If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The matter not specified in this notice and bid documents shall be as per prevailing law of Nepal .
7. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**President**

### एमालेको उत्साहजनक प्रदर्शनसहित घरदैलो

# पहाडीले रोजे एमाले



बुटवल (बुटवल टुडे), १६ फागुन- नेकपा एमाले रूपन्देही क्षेत्र नं २ का उम्मेदार विष्णुप्रसाद पौडेलले बुटवलको बजार क्षेत्रका मतदातासँग मत मागेका छन्। बजार केन्द्रीत घरदैलोमा उत्साहपूर्वक स्थानीयको सहभागिता रहेको थियो।

निर्वाचन परिचालन समितिले आसन्न निर्वाचनलाई लक्षित गर्दै बजार केन्द्रित घरदैलो अभियान सञ्चालन गर्ने निर्णयअनुसार शनिबार दिनभर उम्मेदार पौडेलसहितका नेताकार्यकर्ता बजार क्षेत्रमा मत मागेका हुन्।

पूर्वनिर्धारित युवा, महिला, व्यवसायी तथा कोणसभा कार्यक्रमको स्वरूप परिवर्तन गर्दै क्षेत्रभर केन्द्रित र प्रभावकारी कार्यक्रम सञ्चालन गरिएको थियो। दिउँसो १ बजेदेखि विशेष जनप्रदर्शनसहित बृहत् र्‍याली तथा बिपीचोकमा कोणसभा आयोजना गरिएको थियो। यी क्षेत्रमा पर्ने वडाका युवा, महिला, उद्योगी-व्यवसायी, पेशाकर्मी, पार्टीका नेता-कार्यकर्ता तथा शुभेच्छुकहरूको ठूलो सहभागिता बनाइएको संयोजक भोजप्रसाद श्रेष्ठले जानकारी दिए। बिहान वडाकेन्द्रीत कार्यक्रमहरू सकेर दिउसो दिउँसो २ बजेदेखि बुटवलका वडा नं. ३, ४, ५ र ६ मा बजार केन्द्रित घरदैलो तथा र्‍याली सञ्चालन गरिएको र यसमा युवा, महिला तथा पार्टीका शुभेच्छुकहरूको उत्साहजनक सहभागिता देखिएको सहसंयोजक राजु गुरुङले बताए। ती वडाका नेता-कार्यकर्ता अस्पताललाई जम्मा भएर संयुक्त रूपमा घरदैलो अभियानमा लागेका थिए। कार्यक्रममा उद्योगी-व्यवसायी, ट्रेड युनियन तथा विभिन्न पेशागत समूहको सहभागिता रहेको थियो।

घरदैलो कार्यक्रम पुष्पलाल पार्कबाट सुरु भई अमर पथ, हाटबजार, चिडिया खोला, गोलपार्क, लक्ष्मीनगर गेट, जेसिस चोक, राममन्दिर लाइन, संगम पथ हुँदै वीपीचोकमा पुगेर कोणसभासहित समापन गरिएको थियो। निर्वाचन प्रचार-प्रसारलाई थप सशक्त बनाउँदै जनताको घरदैलोमा पुग्ने रणनीतिसहित कार्यक्रम अघि सारिएको समितिले जनाएको छ। पार्टीले निर्वाचन क्षेत्रभर संगठनात्मक सुदृढीकरण, मतदाता भेटघाट तथा जनमत निर्माणलाई तीव्र बनाएको छ।

र्यालीपछि आयोजित कोणसभामा एमाले उपाध्यक्ष पौडेलले बुटवललाई विकासको नमुना बनाउने अभियानलाई स्थानीयको साथ चाहिएको बताए। उनले पुराना कामको निरन्तरतासँगै नयाँ योजनाको सुरुवात आफ्नो प्रतिवद्धता रहेको दोहोराए।

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै रूपन्देहीमा दल परिवर्तनको क्रम तीव्र बनेको छ। यसैक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ता अनिल थापाको नेतृत्वमा ९० जना कार्यकर्ता एमाले प्रवेश गरेका छन्। घरदैलो अभियानका क्रममा बुटवलको जेसीज चोकमा आयोजित कार्यक्रमबीच नेकपा (एमाले) का उपाध्यक्ष तथा रूपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य उम्मेदवार विष्णु पौडेल ले नवप्रवेशीहरूलाई स्वागत गरेका थिए।

सो अवसरमा पौडेलले एमाले देश निर्माणको स्पष्ट दृष्टिकोण, स्थिरता र विकासको भरोसासहित अघि बढिरहेको पार्टी भएको उल्लेख गर्दै जनताको विश्वास दिनानुदिन बढ्दै गएको दाबी गरे। "देशलाई समृद्धिको बाटोमा लैजान बलियो नेतृत्व र स्पष्ट नीति आवश्यक हुन्छ," उनले भने, "एमालेले मात्रै स्थिर सरकार र दीर्घकालीन विकास सुनिश्चित गर्न सक्छ। त्यसैले विभिन्न दलबाट साथीहरू एमालेमा आवद्ध हुनु सकारात्मक संकेत हो।"

उनले रूपन्देही-२ मा सडक, शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका क्षेत्रमा सुरु गरिएका योजनालाई निरन्तरता दिन मतदातासँग सहयोग माग्दै फागुन २१ मा सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे।रास्वपा परित्याग गरी एमाले प्रवेश गरेका अनिल थापाले देशको राजनीतिक अवस्था र विकासका मुद्दालाई ध्यानमा राख्दै आफूहरू एमालेमा आवद्ध भएको बताए। "हामीले परिवर्तनको अपेक्षासहित रास्वपामा काम गरेका थियौं," उनले भने, "तर व्यवहारिक रूपमा विकास र स्थिरताका लागि एमाले नै सक्षम देखिएकाले सामूहिक रूपमा निर्णय गरेका हौं।"

थापाले आफ्नो नेतृत्वमा ९० जना युवा तथा कार्यकर्ता एमालेमा प्रवेश गरेको उल्लेख गर्दै आगामी निर्वाचनमा एमाले उम्मेदवारको जित सुनिश्चित गर्न सक्रिय रूपमा खटिने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा एमालेका स्थानीय नेता-कार्यकर्ता तथा उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो। निर्वाचन नजिकिँदै जाँदा रूपन्देहीमा दल परिवर्तन र चुनावी सक्रियता बढ्दै गएको छ। राजनीतिक दलहरू घरदैलो अभियान, कोणसभा र भेटघाट कार्यक्रममार्फत मतदाता आकर्षित गर्न व्यस्त देखिन्छन्।

संविधान सभा सदस्य विनोद पहाडी एमाले प्रवेश

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य विनोद पहाडी नेकपा एमाले प्रवेश गरेका छन्। उनलाई एमाले उपाध्यक्ष विष्णु पौडेल सचिव छविलाल बिश्वकर्मा, नेता लिला गिरीले पार्टीमा स्वागत गरेका छन्।

उनी राष्ट्रिय दलित पत्रकार महासंघका अध्यक्ष हुन्।एमाले प्रवेश गर्दै पहाडीले राष्ट्रिय स्वाभिमानमा एमालेको दृढणालाई आधार मानेर रोजेको बताए। उनले एमालेमाथि भएको घेराबन्दी र आक्रमण लोकतन्त्र र गणतन्त्रमाथिको आक्रमण भएको बताए। पहाडीले कुनै लोभमा र लहडमा नभएर विचारका आधारमा एमाले रोजेको जनाए। उनीसँगै नेकपा रूपन्देही सदस्य सरोज गौतम, नगर सदस्य जनक गौतम एमाले प्रवेश गरेका हुन्।

# शीर्ष नेताकै सम्पत्ति छानविन सुरुमै : शर्मा




गुल्मी (बुटवल टुडे), १६ फागुन- नेपाली काँग्रेसका केन्द्रीय उपसभापति विश्वप्रकाश शर्माले सुशासन स्थापना गर्न पार्टीका शीर्ष नेताकै सम्पत्तिबाट छानविन सुरु गर्ने बताएका छन्। वर्तमान सभापति गगन थापा र पूर्व सभापति शेर बहादुर देउवाको सम्पत्ति छानविन गरेर सुधारको थालनी गरिने उनले स्पष्ट पारे।

नेपाली काँग्रेस छत्रकोटले सनिबार गुल्मी क्षेत्र नं १ को चोयगामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै शर्माले उक्त कुरा व्यक्त गरेका हुन्। "भ्रष्टाचारको आरोप लागेमा जोसुकै नेता भए पनि पार्टी सदस्यताबाट हटाएर कानुनी प्रक्रियालाई सघाउँछौं, मुद्दा लागेपछि राजनीतिक संरक्षण होइन, कानुनलाई सहयोग गर्ने संस्कार बसाल्छौं" शर्माले भने।

उनले कर्मचारी प्रशासनको मनोबल खस्किएको उल्लेख गर्दै इमानदार कर्मचारीलाई काम गर्ने वातावरण बनाइने प्रतिबद्धता जनाएका छन्। "नागरिकले सबै कागजात लिएर कार्यालय पुग्दा पनि काम नहुने अवस्थाको अन्त्य गर्छौं," उनले भने। शर्माले काँग्रेसलाई भरपर्दो र पुरानो लोकतान्त्रिक शक्ति भएको दाबी गर्दै २०६४ सालको जस्तो आवेगमा विवेक गुमाउने गल्ती नदोहोर्याउन मतदातालाई आग्रह गरेका थिए। "सिंगो टिम, विज्ञ र योग्य व्यक्तिहरूलाई समेटेर देश हाँक्ने क्षमता काँग्रेससँग छ," उनले भने। जेनजी युवाहरूले खोजेको परिवर्तनलाई संस्थागत गर्न काँग्रेसले नेतृत्व लिनुपर्ने उनको तर्क थियो।

विदेशमा रहेका नेपाली समुदायलाई पार्टीसँग जोड्नका लागि विशेष पहल गरिने तथा गैरआवासीय नेपालीलाई मतदान अधिकार सुनिश्चित गर्न पहल गरिने शर्माको भनाई थियो। विकास निर्माणमा ढिलासुस्ती अन्त्य गर्न तीन सिफ्टमा काम गर्ने कार्यशैली अपनाइने बताउँदै शर्माले श्रमिक, ठेकेदार र इन्जिनियरबीच समन्वय गरी समयमै आयोजना सम्पन्न गरिने दाबी गरे। कार्यक्रममा उनले आगामी निर्वाचनमा सुशासन, स्थायित्व र युवाको भविष्य सुनिश्चित गर्न काँग्रेसलाई मत दिन आह्वान गरेका थिए।

सोही कार्यक्रममा गुल्मी क्षेत्र नम्बर १ का काँग्रेस उम्मेदवार चन्द्रकान्त भण्डारीले जनताको विश्वास नै आफ्नो मुख्य शक्ति भएको बताएका थिए। उनले आफ्नो क्षेत्रका अधुरा विकासका योजना पूरा गर्ने र युवालाई रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। सभामा काँग्रेसका नेताहरूले आगामी निर्वाचनमा सुशासन, स्थायित्व र विकासका लागि पार्टीलाई मत दिन मतदातासँग आग्रह गरेका थिए।

### नेकपाको घरदैलो

# जनसमर्थनले जित नजिक छौं : बिश्वदीप



बुटवल (बुटवल टुडे), १६ फागुन - रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार बिश्वदीप पाण्डे 'सुवास' ले शनिबार बुटवल उपमहानगरपालिका वडा नं. १२ र १३ का विभिन्न वस्तीमा आफ्नो पक्षमा मत माग्दै घरदैलो गरेका छन्। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का युवा नेता बिश्वदीपले सयौं नेता कार्यकर्तासँगै घरदैलोमा पुग्दा आफूहरूले पाएको जनसमर्थन, माया र उत्साहले आफूहरू जीत नजिक पुगेको बताए।

अबका सीमित दिनहरू विजयका लागि निकै महत्त्वपूर्ण रहेको भन्दै उनले मतदान सम्पन्न नहुँदासम्म मतदाता अत्यन्तै चनाखो रहनुपर्ने उल्लेख गरे। घरदैलोका क्रममा बुटवलका वडा नं. १२ र १३ का विभिन्न टोल र वस्तीमा पुगेका उम्मेदवार पाण्डेले मतदातालाई आफ्नो भोट सुरक्षित गर्दै तारा चिन्हमा मतदान गरेर अग्रगामी परिवर्तनको पक्षमा उभिन आग्रह समेत गरे।

रूपन्देही-२ निर्माणका लागि आफूलाई मतदान गरेर नेतृत्वको जिम्मेवारी दिने बेला नजिक आईपुगेको भन्दै उनले दीर्घकालीन हितका लागि सचेत र विवेकपूर्ण निर्णय लिन अपिल गरे।

उम्मेदवार बिश्वदीपले घरदैलोका क्रममा विकास र सुशासनका विषयमा स्पष्ट धारणा राख्दै जनताका समस्या सुन्ने गरेका छन्। यसपटकको निर्वाचनमा रूपन्देही क्षेत्र नं. २ का जनताले नेतृत्व परिवर्तनको पक्षमा स्पष्ट रूपमा अभिमत प्रकट गर्न चाहेको उल्लेख गर्दै उनले परिवर्तनलाई संस्थागत गर्ने ऐतिहासिक दिन फागुन २१ गते विवेकपूर्ण निर्णय गर्न आग्रह गरे।

तारा चिन्हका उम्मेदवार बिश्वदीपले घरदैलो अभियान अन्तिम चरणमा पुगेपनि जनताका दुःख-सुखमा साथमा रहने दिनहरू भने अब सुरु भएको धारणा राखेका थिए।

घरदैलोको क्रममा नागरिकले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा ठोस परिवर्तनको अपेक्षा राखेको पाईएको निर्वाचन परिचालन समितिका संयोजक नारायण जीसी निर्मलले बताए।

निरन्तर घरदैलोमा रहेका नेपाली कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताले आज शनिबार बुटवल क्षेत्रका वडा नं १२ र १३ का टोल-टोल र वस्तीमा पुग्दै भोट मागेका छन्। उम्मेदवार घरदैलोमा पुग्न नसकेका ठाँउमा स्थानीय कार्यकर्ताले मतदाताको घरमा पुगेर आफ्ना उम्मेदवारको पक्षमा सहयोग मागेका छन्।

झण्डा, माईक, व्यानर र प्रतिवद्धता पत्रसहित मतदाताका टोल-टोल र घर-घरमा पुगेर चुनावी ऐजेण्डा प्रस्तुत गर्ने गरिएको संयोजक जीसीले बताए। प्रत्येक दिन हरेक वडा र टोलमा उम्मेदवार नपुगे पनि घरदैलो अभियान जारी रहेको उनले उल्लेख गरे।


## MRP OF ELECTRONICS PRODUCT, AS ON 2082.11.17

अधिकतम खुद्रा विक्री मुल्य (MRP) प्रकाशनको सुचना, यस फर्म/कम्पनीले (भारत) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्रीमुल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकासन गरिएको छ।

| सि. नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिक मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा विक्री मुल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | FULL AUTOMATIC | GOENKA | FLDK08 | 8 KG | HONGKONG | NOS | 33,052.43 | 38,175.56 |
| 2 | AIR CONIDITIONER | NON INVERTOR SPLIT AC | GOENKA | GE-ST 24 | 2 TON | CHINA | NOS. | 81,852.22 | 94,539.32 |
| 3 | AIR CONIDITIONER | INVERTOR SPLIT AC | GOENKA | GE-ST24 IN | 2 TON | CHINA | NOS. | 83,924.49 | 96,932.79 |
| 4 | WATER DISPENCER | FLOOR STANDING | GOENKA | GEWDSHN 11 | 500W | CHINA | NOS. | 4,712.37 | 5,442.79 |
| 5 | WATER DISPENCER | FLOOR STANDING | GOENKA | GEWDSHC 31 | 500W | CHINA | NOS. | 6,455.33 | 7,455.91 |
| 6 | WATER DISPENCER | FLOOR STANDING | GOENKA | GEWDSHNC41 | 500W | CHINA | NOS. | 7,634.66 | 8,818.03 |

**बिक्रेता फर्मको नाम:** गोयनका ईलेक्ट्रोनिक्स प्रा. ली. **ठेगाना:** भैरहवा, नेपाल **फोन नं.:** ०७१-५६१७४८ **स्थायी लेखा नं.:** ६०६८१०४०५

तोकिएको MRP मुल्य भन्दा बढी मुल्यमा सामान बिक्री गर्नु गैर कानुनी कार्य हो।


# मतदाताहरूले दिए चुन्न पौडेललाई जितको शुभकामना




बुटवल (बुटवल टुडे), १६ फागुन- नेपाली कांग्रेस रूपन्देही-२ चुनाव प्रचारप्रसार तथा निर्वाचन परिचालन समितिले घरदैलो कार्यक्रमलाई तीब्रता दिएको छ।

चुनाव प्रचारप्रसारका समय अन्तिम चरणमा पुग्दा रूपन्देही-२ मा नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार चुन्न प्रसाद शर्मा पौडेल र समानुपातिक उम्मेदवार रीता सेन ओलीसहितको टोलीले घरदैलो कार्यक्रमलाई तीब्रता दिएका हुन्। कतै गाडीमा त कतै पैदल घरदैलो गर्ने क्रममा मतदाताले उम्मेदवारहरू पौडेल र वलीलाई फुलमाला र टीका लगाएर जितको शुभकामना दिएका थिए।

घरदैलो कार्यक्रमको ११ औं दिन शनिबार तिलोत्तमा नगरपालिका वडा नं १ र वडा नं २ को घरदैलोका क्रममा सो वडाका मतदाताहरूले उम्मेदवारहरूलाई फुलमाला र टीका लगाएर स्वागत गर्नुका साथै जितेको शुभकामना दिएका हुन्।

चुनावको मिति नजिकिँदै गर्दा मतदाताले देखाएको सद्भाव, शुभकामना, सुझाव र सल्लाहले कांग्रेस उम्मेदवार पौडेल पनि चुनाव जितिनेमा विश्वस्त देखिन्छन्।

तिलोत्तमाको घरदैलोका क्रममा संचारकर्मीहरूलाई प्रतिक्रिया दिँदै कांग्रेस उम्मेदवार पौडेलले घरदैलोका क्रममा पार्टीका नेता कार्यकर्ताहरूको सक्रिय सहभागीता र मतदाताहरूले देखाएको सद्भावले चुनाव जितिनेमा आफू विश्वस्त भएको बताए।

घरदैलोका क्रममा स्थानीय बासिन्दाले आफ्ना टोलका सानोतिनो समस्या देखि लिएर दीर्घकालीन समस्या समेत खुलेर राखेका थिए। उनले स्थानीयका गुनासा टिपोट गर्दै विकास निर्माणका अधुरा कामलाई सम्पन्न गर्ने, टोलस्तरमै योजना छनोट गरी कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरे। घरदैलो अभियानका क्रममा स्थानीयले रोजगारी सिर्जना, बजार व्यवस्थापन र आधारभूत पूर्वाधार सुधारमा ठोस कामको अपेक्षा राखेका थिए । उम्मेदवार पौडेलले "विकास कागजमा होइन, व्यवहारमा देखिनुपर्छ" भन्दै आफु परिणाममुखी कार्यमा लाग्ने प्रतिबद्धता जनाए। त्यस क्रममा नेपाली कांग्रेसका सयौं नेता कार्यकर्ताहरूको सहभागीता रहेको नेपाली कांग्रेस रूपन्देही-२ का क्षेत्रीय सभापति तथा निर्वाचन परिचालन समिति संयोजक प्रजापाल गिरीले जानकारी दिए।


**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशालय**

## पृथ्वी चन्द्र अस्पताल

**रामग्राम,नवलपरासी (ब.सु.प.)**

## Invitation for Bids-(E-bidding only)

**Date of publication: 01march 2026 A.D**

- **Prithvi Chandra Hospital, Nawalparasi BSW** invites **E-bidding only** from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Description | Price of bid documents | Bid Security Amount, NRs. | Remarks |
|---|---|---|---|---|
| PCH/G/ NCB- 08/082/083 | supply, delivery and installation of ot equipments for hospital | 3000.00 | 65,000.00 | |

- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.to obtain further information and inspect the bidding documents .

**Office chief**



## Government of Gandaki Province

### Ministry of Physical Infrastructure Development &Transport Management

## Infrastructure Development Office

### Baglung

# Letter of Intent (LoI)

**(Date of Publication 2082-11-17 (1ST March, 2026)**

For the provision on sub clauses 27.2 and 27.3 of public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contract below, that the follow mentioned Lowest evaluated substantially responsive bidder is intended to award the Contract.

| S. No. | Name of Project | Contract ID | Lowest evaluated Substantially Responsive Bidder | Bid Amount (Including VAT and PS) | Remarks |
|---|---|---|---|---|---|
| 1. | Bagalepatan Okhreni Truss Bridge, Nisikhola Rural Municipality-5, Baglung | IDOBAGLUNG/ NCB/W/ TB/01/2082/83 | Sindhu Adarsha Nirman Sewa, Sunkoshi-2, Sindhupalchowk | 38,33,273.71 | |
| 2. | Taman Thulogaun Jodne Truss Bridge,Tamankhola Rural Municipality-03, Baglung | IDOBAGLUNG/ NCB/W/ TB/02/2082/83 | Sindhu Adarsha Nirman Sewa, Sunkoshi-2, Sindhupalchowk | 28,78,033.92 | |
| 3. | Upgrading of Kulbandha Bhedabari ward Office Koridor Jaimini-07 & Upgrading Of Nirange Amalpata Puritol Shiwalaya Gahate Baheli Along Palika Road Jaimini-05 | IDOBAGLUNG/ NCB/ W/R/41/2082/83 | Jay Bhairab Nirman Sewa, Baglung | 4427254.88 | |
| 4. | Upgrading of Kushmisera Bhairabsthan Mandir Road Deurali-Khudegaira Ramchegaira-Shirupata Thar Along Kushmi Bajar Section Baglung Municipality-12 & Jaimini Municipality-01 Baglung | IDOBAGLUNG/ NCB/ W/R/61/2082/83 | Aabiskar P.S. Construction Company, Parbat | 3453824.56 | |

**Act. Office Chief**



वदलियो काँग्रेस, बदल्छौं देश

# ‘सद्भाव, सुशासन, समुन्नती हाम्रो संकल्प’

# नेपाली काँग्रेस

## प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२

## जिल्ला रूपन्देही निर्वाचन क्षेत्र नं. २

## प्रतिबद्धता पत्र

## चुन्नप्रसाद शर्मा (पौडेल)

**प्रतिनिधिसभा सदस्य, पदका उम्मेदवार**

आदरणीय मतदाता आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरू,

यही फागुन २१ गते सम्पन्न हुन गइरहेको आम निर्वाचन हामी नेपालीहरूको लागि आफ्नो भाग्य आफै कोर्ने पर्वका रूपमा हाम्रो घर आगनमा प्रवेश गरिसकेको छ । यस अवसरमा सार्वभौम सत्ता सम्पन्न नागरिकले जाहेर गर्ने अभिमत हाम्रा सन्ततिको उज्ज्वल भविष्यका लागि मार्गदर्शक र उपलब्धिमुलक बन्नुपर्दछ । लामो समयदेखि जनताको प्रजातान्त्रिक मूल्य, मान्यता, आदर्श र सुखद भविष्यको बाटो कोर्ने ऐतिहासिक पार्टी नेपाली कांग्रेस यहाँको न्यानो माया र सहयोगको छत्रछायाँमा पल्लवित र घनीभूत हुँदै आफ्ना जिम्मेवारी पुरा गर्दै आएको छ ।

नेपालको लोकतन्त्र प्राप्तिका संघर्ष र आन्दोलन तथा भा ्र २३ र २४ गते भएको बि्रोहमा सहादत प्राप्त गर्नु भएका वीर शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना प्रकट गर्दछु । साथै सम्पूर्ण घाइतेहरूको स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपाली कांग्रेस पार्टी र यस पार्टीको उम्मेदवारका रूपमा अन्य कसैका प्रति नकारात्मक टीका टिप्पणी वा प्रतिक्रिया जनाउनु भन्दा आफ्ना राम्रा कामका माध्यमबाट जनसेवामा समर्पित हुनु उच्चतम संस्कार हो भन्ने मलाई लाग्दछ । आफ्ना मतदातासँग गरिएको प्रतिवद्धता पूरा नगर्नु वा वेवास्ता गर्नु मेरो सोच, विचार र संस्कारमा नभएका विषय हुन, त्यसैले यस प्रतिबद्धता पत्र मार्फत उल्लेख गरिएका विषयहरू पूरा गर्न/गराउन म भगिरथ प्रयत्न गर्नेछु ।

एउटा निर्वाचन क्षेत्रका जनप्रतिनिधिहरूको हैसियतले आफ्नो निर्वाचन क्षेत्रका नागरिकहरूका चाहना, चासो, चिन्ता र आवश्यकतालाई सम्बोधन गराउन निरन्तर आवाज उठाउने छ । यसै गरी ज्ञान, विज्ञान र प्रविधिको विकाससंगै आएका अवसर र चनौतिको व्यवस्थापन गरी नवयुवा लगायत पछाडि परेका र पारिएका वर्ग समुदायलाई राष्ट्र निर्माणमा जोड्न समर्पित हुनेछ ।

आदरणीय मतदाता महानुभावज्यूहरू,
यहाँहरूको अमूल्य मतबाट विजयी भएको अवस्थामा हाम्रो सार्वभौम संसदमा यहाँको प्रतिनिधिको रूपमा गर्व गर्ने गरी आफ्नो भूमिका निर्वाह गर्दै नियम, कानून, ऐन वा विधि निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने छ भने रूपन्देही जिल्ला निर्वाचन क्षेत्र नं. २ मा तपशील अनुसारका काम गर्ने गराउने कुरामा आफ्नो अटल प्रतिवद्धता जाहेर गर्दछु ।

प्रतिवद्धता

१. सामुदायिक विद्यालयको स्तरोन्नती गरी सम्पूर्ण नेपालीका छोराछोरीलाई अंग्रेजी र नेपाली भाषामा कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान गर्ने वातावरण बनाउनेछु साथै शिक्षक पेशागत संस्थासँग विगतमा भएका सम्झौता अनुरूप शिक्षा ऐन ल्याउन विशेष पहल गरिनेछ ।
२. ७० वर्ष कटेका जेष्ठ नागरिकहरूलाई स्वास्थ्य जाँच निःशुल्क गराइनेछ ।
३. अव्यवस्थित तथा भुमीहिन नागरिकको भुमि सम्बन्धी समस्या समाधानका लागि नितिगत व्यवस्थापन गरी जग्गाको स्वामित्व प्रदान गरिनेछ ।
४. रूपन्देही जिल्ला क्षेत्र नं. २ भित्र रहेका सबै सरकारी अस्पतालहरूको स्तरबृद्धि गराइनेछ । लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठान र सिद्धार्थ बाल तथा महिला अस्पताललाई मेडिकल कलेजका रूपमा स्थापित गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तार गर्दै रू. ५००,०००।- सम्मको स्वास्थ्य वीमा कार्यक्रम लागू गरिनेछ ।
५. वस्तीलाई जोखिममा पारेको हाईटेन्सन लाइन हटाउने पहल गरिनेछ ।
६. क्षेत्र नं. २ का सम्पूर्ण जनतालाई बहुप्रतिक्षित झुम्सा खानेपानी, हिलपार्क खानेपानी आयोजना, तिलोत्तमा तथा सैनामैना खानेपानी तथा सरसफाई संस्थाहरूको थप सशक्तिकरण गरी शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ । खानेपानी तथा सिंचाईको दीर्घकालिन समस्या समाधानका लागि भूमिगत जलस्तर जोगाउन र भविष्यमा पानीको अभाव हुन नदिन भूमिगत जल रिचार्ज परियोजना तथा वर्षा पानी संकलनका लागि आवश्यक पहल गरिनेछ ।
७. कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखी कृषि तथा पशुपन्छी व्यवसायी केन्द्र स्थापना, कृषि बाली पकेट क्षेत्र निर्धारण, कृषि अनुदान, सरल कृषि ऋण, कृषि उत्पादन बिक्री केन्द्र, उपकरण, बिउ, मल र औषधि, कृषि र पशुजन्य बीमाको समुचित प्रवन्ध मिलाइनेछ ।
८. पूर्व-पश्चिम राजमार्ग निर्माणका कारण उत्पन्न डुबान समस्या समाधानका लागि पहल गरिनेछ ।
९. नेपालबाट सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य लगायत ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराइनेछ ।
१०. क्षेत्र नं. २ मा अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको खेल मैदानहरू बनाउने र खेलाडीलाई विभिन्न कार्यक्रमहरू मार्फत प्रोत्साहित गरिनेछ ।
११. युवाहरूलाई डिजिटल प्रविधिमा प्रवेश गराई रोजगार युक्त बनाइनेछ ।
१२. सुरक्षित क्षेत्र अभियान अन्तर्गत प्रत्येक चोक चोकमा डिजिटल फ्री वाइफाइ र सिसी क्यामेरा र आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
१३. राष्ट्रको आर्थिक उन्नति र प्रगतिको लागि उद्योग, व्यापार र व्यवसायिक क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्दै लगानी बढाउन विश्वासिलो कानुनी प्रवन्ध र पारदर्शी कर प्रणालीको नितिगत सुधार मार्फतउचित व्यवसायिक वातावरण निर्माण गरिनेछ ।
१४. सडकमा रहेका छाडा चौपाएका कारण हुने दुर्घटना कम गर्न र पशुपन्छीको जीवन रक्षा गर्न गौशाला निर्माण गरिनेछ साथै प्राङ्गारिक मल र औषधि उत्पादनमा जोड दिइनेछ ।
१५. बुटवलतर्फबाट बग्ने फोहोरले तिलोत्तमा क्षेत्रको उत्पादन र सौन्दर्यमा ह्रास आउन नदिन योगीकुटी पुलको मुखमा हाइड्रोलिक जाली राखी फोहोर नियन्त्रण गरिनेछ ।
१६. तिलोत्तमा तथा सैनामैना भित्र प्रशस्त कृषि योग्य जमिनमा सिंचाई व्यवस्थापन गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ र कृषकको जीवनस्तर उकासिने कदम चालिनेछ ।
१७. बेरोजगार युवा-युवतीलाई लक्षित गरी यस क्षेत्रमा उद्योगहरू स्थापना गरिनेछन् र १ घर -१ रोजगारको व्यवस्था गर्न उद्योगपतिहरूलाई प्रोत्साहित गरिनेछ ।
१८. बुटवल बजार भित्र अव्यवस्थित रूपमा रहेका सवारी साधनलाई व्यवस्थित र सुरक्षित पार्किङ व्यवस्था मिलाइनेछ ।
१९. निर्वाचन क्षेत्र नं. २ मा वरदान र समस्याका रूपमा रहेका तिनाउ तथा दानव नदी किनार व्यवस्थापन, सुन्दर, स्वच्छ, हराभरा जलप्रवाह हुने गरी करिडोर निर्माण गरिनेछ ।
२०. स्थानीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नागरिकको समस्याहरू समाधान गरिनेछ ।
२१. बुटवल क्षेत्रको ज्योतिनगरको पहिरो नियन्त्रणका लागि दीर्घकालिन पहल गरिनेछ । चुरे क्षेत्र र सामुदायिक वन संरक्षणमा स्थानीय जनताको सहभागिता सुनिश्चित गरिनेछ ।
२२. बुटवल-तिलोत्तमा-सैनामैनामा फोहोर व्यवस्थापनका लागि मोहर कार्यक्रम सञ्चालन गरी स्वच्छ, हराभरा क्षेत्र अभियान अघि बढाइनेछ ।
२३. औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने सबै मजदुरलाई न्यूनतम ज्याला र सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।
२४. सामाजिक-आर्थिक रूपमा पछि परेका महिला, दलित, जनजाति, थारु, मधेशी, मुस्लिम, एकल महिला, फरक क्षमता भएका, पिछडावर्ग, तेस्रो लिङ्गी लगायतका वर्ग र समुदायको सम्मान र संरक्षणको नीति प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
२५. यस क्षेत्रभित्रका सबै धर्म-सम्प्रदायका अनुष्ठानको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
२६. विभिन्न नदी, नाला, खोला, कुलामा आवश्यक संरक्षण, तटबन्ध र सौन्दर्यीकरण गरिनेछ ।
२७. बुटवलमा अन्तर्राष्ट्रिय बसपार्क निर्माण गर्नुका साथै अन्य नगरमा पनि पार्किङ्ग व्यवस्थापन गरिनेछ ।
२८. पुरानो बटौलीको साँघुरा गल्ली, ऐतिहासिक संरचना, जीतगढी किल्लालाई संरक्षण गरी पुरानो बटौली हेरिटेज जोन घोषणा गरिनेछ साथै भ्यू एड्भेन्चर एण्ड नेचरपार्कको रूपमा विकास गरिनेछ ।
२९. सार्वजनिक खरीद ऐनलाई समय सापेक्ष परिवर्तन गरी निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ र कानुनी जटिलता हटाइनेछ ।
३०. सिद्धार्थ राजमार्गमा सवारी साधनको चाप अनुसार भैरहवा जाने पुरानो सडक वैकल्पिक राजमार्गको रूपमा विकास गरिनेछ, अन्य सडकहरू समेत विकास गरिनेछ ।
३१. यस निर्वाचन क्षेत्रमा भएका सबै धार्मिक अनुष्ठानहरूलाई आ-आफ्नो धार्मिक, सांस्कृतिक र परम्परा अनुसारका कार्य गर्न गराउन आवश्यक आर्थिक तथा सामाजिक वातावरण निर्माण गरी धार्मिक सहिष्णुता, आपसी हित र स्नेहपूर्ण वातावरण निर्माण गरिनेछ ।
३२. प्रतिनिधि सभा सदस्य भएर प्राप्त हुने सेवा सुविधा रकम (स्वास्थ्य सुरक्षा कोषको निर्माण गरी) सम्पूर्ण रूपमा यसै क्षेत्रका नागरिकको स्वास्थ्य उपचारमा खर्च गर्नेछु ।
३३. लुम्बिनी वाणिज्य क्याम्पसलाई मानित विश्वविद्यालायको रूपमा विकास गरिनेछ ।
३४. बुटवल बहुमुखी क्याम्पस, सिद्धार्थ गौतमबुद्ध क्याम्पस, राममणि बहुमुखी क्याम्पस, बुटवल कालिका क्याम्पस लगायत सामुदायिक क्याम्पसको स्तरोन्नती र गुणस्तरीयताका लागि पहल गरिनेछ ।
३५. बुटवल औद्योगिक क्षेत्रको विस्तार र मोतिपुर औद्योगिक क्षेत्रको शीघ्र सञ्चालनका लागि पहल गरिनेछ ।
३६. बि.टी.आई. लाई इन्जिनियरिङ्ग कलेजको रूपमा रूपान्तरण गर्दै बुटवल अटो भिलेजमा अटो इन्जिनियरिङ्ग कलेज सञ्चालन गरी प्राविधिक एवम् दक्ष जनशक्ति उत्पादन गरिनेछ ।
३७. औषधि तथा वन पैदावार सम्बद्ध उद्योग तथा व्यापारलाई आफ्नो प्रकृति अनुसार एकद्वार प्रणाली मार्फत दर्ता तथा नियमनका लागि पहल गरिनेछ ।

अन्तमा, आर्थिक वृद्धि, तीब्र विकास, रोजगारी र सामाजिक सुरक्षा सुनिश्चित गर्न यही २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा रूपन्देही जिल्ला निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्य पदका लागि मेरो चुनाव चिन्ह “रूख” मा र समानुपातिक तर्फको “रूख” चिन्हमा मतदान गरी विजय गराउन हार्दिक अनुरोध गर्दछु ।

जय नेपाल !
चुन्नप्रसाद शर्मा (पौडेल)
प्रतिनिधि सभा सदस्य
पदका उम्मेदवार
क्षेत्र नं. २, रुपन्देही

ADVT.


**बुटवल पब्लिकेशन** (प्रा.) **लि.** द्वारा प्रकाशित **प्रधान कार्यालयः** बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, **फोनः** ०७१-५५४६४०, ५५४६४२, **इमेलः** newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
**अध्यक्षः** हरि प्रसाद पौडेल, **प्रबन्ध संचालक / प्रवन्ध सम्पादक** : नवराज कुँवर, **सम्पादकः** लक्ष्मण पौडेल, **मुद्रणः** पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.